नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

नेपाली राजदूतावास
सिओल

Ref No. :

मिति: २०८२/०५/१७

# प्रेष विज्ञप्ति

उपर्युक्त सम्बन्धमा "गणतन्त्र कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०"को तेस्रो संशोधन श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट पारित भएको व्यहोरा सर्वविदितै छ। सो कार्यविधिको दफा ४ मा उल्लेख भएबमोजिम विशेष योग्यता पुरा गरेका ईजाजतपत्र प्राप्त संस्थाहरुले ई-७ भिषा प्रणाली अन्तर्गत (मौसमी कामदारबाहेक कार्यविधिको अनुसूची-१ मा उल्लिखित पेशाहरुमा नेपाली श्रमिक कोरिया ल्याउन पाउने छन्। कार्यविधिको परिच्छेद-२ मा उल्लेख गरिएको "विशेष योग्यता" पूरा भएका ईजाजत प्राप्त संस्थाहरुले कार्यविधिकै परिच्छेद-२ को दफा ५'क' मा उल्लिखित कागजातहरु संलग्न गरी माग पत्र राजदूतावासमा पेश गर्नु पर्ने छ। कागजातहरु पूरा नगरि माग ल्याएको खण्डमा माग पत्र प्रमाणीकरण हुने छैन। यसरी रीतपूर्वक आएको माग पत्र प्रमाणीकरणको निवेदनको आधिकारीकता राजदूतावासको सम्बन्धित अधिकारीले यकिन गरी सिफारिस सहित वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली FEIMS मार्फत विभागमा पठाई सोको जानकारी रोजगारदातालाई गराउन पर्ने व्यवस्था कार्यविधिमा छ। यसरी माग पत्र प्रमाणीकरण भई आएमा ईजाजत प्राप्त संस्थाले विभागको पूर्वस्वीकृति लिई कार्यविधिको परिच्छेद-२ को दफा ७ मा उल्लिखित विवरण खुलाई कम्तीमा पन्ध्र दिनको म्याद दिई दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नु पर्ने व्यवस्था छ।

साथै स्वीकृत कार्यविधिमा ईजाजत प्राप्त संस्थाहरुले गणतन्त्र कोरियामा नेपाली कामदारलाई रोजगारको लागि पठाउँदा लाग्ने लागत तथा सेवा शुल्क हाल कायम रहेको ई.पि.एस. प्रणाली बमोजिम लाग्ने सेवा शुल्कमा नबढ्ने गरी हुनेछ भनी उल्लेख गरिएको छ।

यसरी कार्यविधिमा उल्लेखित सम्पूर्ण प्रक्रिया पूरा गरी माग पत्र प्रमाणीकरणका लागि आवेदन आउनु पर्नेमा हाल सम्म प्रक्रिया पूरा गरेर कुनै पनी माग पत्र प्रमाणीकरणको लागि आवेदन नआएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ। रीत पूर्वक माग पत्र प्रमाणीकरणका लागि आवेदन आएको खण्डमा दूतावासले आवश्यक प्रक्रिया अघि बढाउने छ। यद्यपी राजदूतावासले नियतवस माग पत्र प्रमाणीकरण नगरेको भन्ने गलत सूचना सुन्नमा आएकोले दूतावासको ध्यानाकर्षण समेत भएको छ।

त्यसैले वैदेशिक रोजगार विभागको Official Website र दैनिक पत्रिकामा माग सम्बन्धी सार्वजनिक सूचना प्रकाशित नहुँदासम्म कुनै पनी व्यक्ति वा संस्थाको विश्वासमा परी निज व्यक्ति वा संस्थासंग आर्थिक कारोबार नगर्न नगराउनुहुन सम्बन्धित सबै सरोकारवालाहरुको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ। माग सम्बन्धी आधिकारीकताका जाँच गर्नका लागि दूतावासमा समेत सम्पर्क गर्न सक्नुहुने छ। वैदेशिक रोजगारीको नाममा हुने ठगी बाट आफू पनि बचौं र अरुलाई पनी बचाऔं।

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]